नौमुले गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
नौमुले, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्रसंख्या:- २०७७।७८ चलानी :- ४ मिती:- २०७७।५।२२

विषय :- घरभाडामा लिने सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७७/०५/२२

प्रस्तुत विषयमा यस नौमुले गाँउपालिकाको कार्यपालिकाको निर्णायानुसार नौमुले गाउँपालिकाका शाखाहरुलाई थप व्यवस्थित पार्नको लागि कार्यालय प्रयोजनका लागि तपशिलका सेवा सुविधाहरु भएको घर भाडामा लिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संघ सस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र कार्यालय समयमा यस नौमुले गाउँ कार्यपालिकाको कार्यालय, नौमुलेमा संलग्न नमूना बमोजिमको फारम भरी सिलवन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

तपशिल:

१. घरमा कम्तिमा १० ( दस ) वटा कोठाहरु हुनुपर्नेछ साथै घर नौमुले गाउँ कार्यपालिकाको भवन आसपास रहेको हुनुपर्नेछ ।
२. कोठाहरु कार्यालय प्रयोजनका लागि उपयुक्त फराकिलो र पर्याप्त प्रकाश भएको हुनुपर्ने छ ।
३. घरमा विद्युत र खानेपानी जडान भएको साथै शौचालयको उचित व्यवस्था भएको हुनुपर्नेछ ।
४. घर मोटरबाटो सँग जोडिएको हुनुपर्नेछ साथै गाडि पार्किङ्गको समेत सुविधा हुनुपर्नेछ । ।
५. घर बहालमा दिन इच्छुक व्यक्ति संघ सस्थाले निम्न बमोजिम कागजातहरु संलग्न गर्नुपर्नेछ:
    क. घरधनीको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी थान १
    ख. संघ संस्थाको हकमा संस्था दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि थान १
    ग. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि थान १
    घ. घर निर्माण अनुमति र सम्पन्न प्रमाणपत्र लिएको भए सोको प्रतिलिपि थान १
६. घर बहाल चौमासिक रुपमा नियमानुसार करकट्टा गरी भुक्तानी गरिनेछ ।
७. अन्य शर्तहरु प्रचलित कानून र आपसी सम्झौताको आधारमा निर्धारण गरिनेछ ।

२०७७/५/22

(गणेशप्रसाद कोइराला)
प्रमुख प्रशासकिय अधिकृत

गणेश प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत